सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५

र

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३

बमोजिम सार्वजनिक गरिएको विवरण

# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति विवरण


नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आ.व २०८२/८३ को स्वतः प्रकाशन विवरण, २०८२/८३ को वार्षिक प्रगति विवरण

**प्रकाशक :** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

**सम्पर्क नं. :** ०१-४२१११९७, ०१-४२१११९५, ०१-४२१११९४

**इमेल ठेगाना :** ndrrma@gmail.com, admin@ndrrma.gov.np, info@bipad.gov.np

**वेबसाइट :** https://ndrrma.gov.np

**प्रकाशन मिति :** २०८३, श्रावण

**छपाई प्रति :**

**सर्वाधिकार :** प्रकाशकमा

# शब्दसंक्षेप

| | | |
|---|---|---|
| IRA | : | Initial Rapid Assessment |
| NEOC | : | National Emergency Operation Center |
| EWS | : | Early Warning System |
| DEOC | : | District Emergency Operation Center |
| SIMEX | : | Simulation Exercise |
| MDSA | : | Monitoring for Disaster Strategic Action Plan |
| INSARAG | : | International Search & Rescue Advisory Group |
| CADRE | : | Community Action for Disaster Response |
| MFR | : | Medical First Responder |
| CSSR | : | Collapsed Structure Search and Rescue |
| HOPE | : | Hospital Preparedness for Emergencies |
| SWR | : | Swift Water Rescue |
| TFI | : | Training for Instructors |
| ICS | : | Incident Command System |
| GLOF | : | Glacier Lake Outbrust Flood |
| ADPC | : | Asian Disaster Preparedness Center |
| NDRRMA | : | National Disaster Risk Reduction & Management Authority |
| NPDRR | : | National Platform for Disaster Risk Reduction |
| PPDRR | : | Province Platform for Disaster Risk Reduction |
| GIS | : | Geographic Information System |
| GIDC | : | Government Integrated Data Center |
| LDCRP | : | Local Disaster & Climate Resiliance Plan |
| COP | : | Conference of Parties |
| GEDSI | : | Gender Equality, Disability & Social Inclusion |
| LDCRF | : | Local Disaster & Climate Resiliance Framework |
| DRR | : | Disaster Risk Reduction |
| DDA | : | Detailed Damage Assessment |
| PDNA | : | Preliminary Damage & Need Assessment |
| PEOC | : | Province Emergency Operation Center |
| DEOC | : | District Emergency Operation Center |
| LEOC | : | Local Emergency Operation Center |
| NHSRP | : | National Housing and Settlements Resillience Platform |
| DUDBC | : | Department of Urban Development & Building Construction |

## विषयसूची

परिच्छेद-एक ........ १

परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ नीतिगत तथा कानूनी व्यवस्था ........ २

१.२.१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था ........ २

१.२.२ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्बन्धी कानूनी व्यवस्था ........ ३

१.२.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ........ ४

क) दीर्घकालीन सोच ........ ४

ख) लक्ष्य ........ ४

ग) उद्देश्य ........ ४

घ) प्राथमिकताका क्षेत्रहरु ........ ५

१.३ प्राधिकरणको स्थापना र गठन ........ ६

१.४ प्राधिकरणको कार्यक्षेत्र ........ ६

१.५ प्राधिकरण सम्बन्धी संस्थागत संरचना र कार्यात्मक व्यवस्थाहरू ........ ६

१.५.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् ........ ६

१.५.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति ........ ७

१.५.३ प्रशासनिक संगठन संरचना र दरबन्दी विवरण ........ ७

१.६ नेपालमा विपद् जोखिमको अवस्था र प्रवृत्ति ........ ८

१.६.१ मिति २०८२ श्रावण १ देखि २०८३ असार मसान्तसम्म घटेका विपद् सम्बन्धी प्रमुख घटनाहरू ........ ८

१.६.२ आ.व. २०८२/०८३ को श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म नेपालमा घटेका प्रमुख विपद्जन्य घटनाहरूको एकीकृत विश्लेषण ........ १४

१.७ कार्यालय प्रमुख र सूचना अधिकारको नाम र पद ........ १५

परिच्छेद-दुई ........ १६

सम्पादित भएका मुख्य मुख्य कार्यहरू ........ १६

२.१ आ.व. २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रमको प्रगति ........ १६

२.२ गृह प्रशासन सुधार योजना, २०७८ को (आ.व २०८२/८३) को प्रगति ........ १६

२.३ आर्थिक वर्ष २०८२/८३ को प्रमुख कार्यहरू र मुख्य मुख्य उपलब्धीहरू ........ २०

२.४ आ.व. २०८२/८३ को कार्यसम्पादन करार सम्झौता बमोजिम सूचकको प्रगति............................ २७
२.५ आ.व. २०८२/८३ को बजेट वक्तव्यको प्रगति............................................................ २८
२.६ राष्ट्रिय परिषद् र कार्यकारी समितिको बैठकको निर्णय ................................................ २९
२.७ आ.व. २०८२/८३ मा विपद् व्यवस्थापन कोषको आय व्ययको अवस्था तथा विभिन्न जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा भएको रकमको विवरण................................................................३६
२.८ प्राधिकरणले स्थापना गरेका विभिन्न डिजिटल प्रणालीहरू..................................................३६
२.९ बेरूजु सम्बन्धी विवरण (आ.व २०८२/८३ को बेरुजुको विवरण)...........................................३६
अनुसूचीहरू............................................................................................................................३७
अनुसूची १: प्राधिकरणको काम, कर्तव्य र अधिकार..................................................................३७
अनुसूची २: राष्ट्रिय परिषद्को गठन........................................................................................ ३९
अनुसूची ३: कार्यकारी समितिको गठन.................................................................................... ३९
अनुसूची ४: संगठन संरचना र दरबन्दी विवरण .........................................................................४०
अनुसूची ५: जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा भएको रकमको विवरण...................................४५
अनुसूची ६: डिजिटल प्रणालीहरू..........................................................................................४९
अनुसूची ७ : सम्पादित कार्यक्रमका केही तस्विरहरु................................................................... ५१

## तालिका सूची


तालिका १: आगलागीजन्य क्षतिको प्रदेशगत विवरण........................................................९

तालिका २: पहिरोजन्य क्षतिको प्रदेशगत विवरण...........................................................९

तालिका ३ : बाढीजन्य क्षतिको प्रदेशगत विवरण..........................................................१०

तालिका ४ : भारी वर्षाले पुऱ्याएको क्षतिको प्रदेशगत विवरण...........................................१०

तालिका ५: चट्याङले पुऱ्याएको क्षतिको प्रदेशगत विवरण................................................११

तालिका ६ : हावाहुरीले पुऱ्याएको क्षतिको प्रदेशगत विवरण.............................................१२

तालिका ७ : जनावर आक्रमणले पुऱ्याएको क्षतिको प्रदेशगत विवरण..................................१२

तालिका ८ : सर्पदंशका कारणले मृत्यु तथा घाइते हुनेहरुको प्रदेशगत विवरण.........................१३

तालिका ९ : आर्थिक वर्ष २०८२/८३ को श्रावण १ गतेदेखि असार मसान्तसम्ममा घटेका विपद्का घटनाको सङ्क्षिप्त विवरण....................................................................................................१४

# परिच्छेद-एक

# परिचय

## १.१ पृष्ठभूमि

विपद् प्राकृतिक तथा गैरप्राकृतिक कारणबाट उत्पन्न हुने प्रकोपजन्य घटना हो, जसले मानव जीवन, भौतिक संरचना, वातावरण र समग्र आर्थिक-सामाजिक जीवनमा गम्भीर असर पार्दछ। यस्ता विपद्ले दैनिक जनजीवन छिन्नभिन्न बनाउनुका साथै ठूलो मात्रामा धनजनको क्षति गराउने गर्दछन्। नेपालको भौगोलिक, भौतिक तथा सामाजिक-आर्थिक संरचनाका कारण बहु-प्रकोपको दृष्टिकोणबाट अति संवेदनशील मुलुकका रूपमा रहेको छ। यहाँको जटिल भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनका कारण विभिन्न प्रकारका प्राकृतिक प्रकोपका कारण सिर्जित विपद्हरू जस्तै भूकम्प, बाढी, पहिरो, भू-क्षय, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, हुरीबतास, शीतलहर, तातो हावाको लहर तथा वन डढेलोबाट निरन्तर प्रभावित हुँदै आएको छ। साथै सडक दुर्घटना, आगलागी, महामारी, औद्योगिक दुर्घटना, सर्पदंश, जनावर आक्रमण, वातावरणीय प्रदूषण जस्ता गैरप्राकृतिक विपद्हरू पनि नेपालका लागि उत्तिकै चुनौतीपूर्ण रहेका छन्।

विपद् व्यवस्थापन सरकारको एकल प्रयासबाट मात्र सम्भव छैन त्यसैले यसका लागि निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघसंस्था, सञ्चार माध्यम, प्राज्ञिक क्षेत्र तथा समुदाय स्वयंको सहभागिता, सहकार्य र समन्वय आवश्यक पर्दछ। यसै सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्न वि.सं २०७६ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना गरिएको हो। यस प्राधिकरणले तीनै तहका सरकार, विषयगत मन्त्रालयहरू, निजी क्षेत्र, नागरिक समाज तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य, समन्वय र साझेदारी गर्दै प्रभावकारी विपद् व्यवस्थापन प्रणाली सुदृढ गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

## १.२ नीतिगत तथा कानूनी व्यवस्था

### १.२.१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। साथै राज्यका नीतिहरू अन्तर्गत प्राकृतिक स्रोत-साधनको संरक्षण, संवर्द्धन र उपयोग, जलउत्पन्न तथा अन्य प्राकृतिक प्रकोप नियन्त्रण, पूर्वसूचना, तयारी, उद्धार, राहत र पुनर्स्थापना मार्फत विपद् जोखिम न्यूनीकरण गर्ने व्यवस्था गरिएको छ। संविधानका अनुसूची- ७, ८ र ९ अनुसार विपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको साझा तथा स्थानीय तहको एकल अधिकारको रूपमा व्यवस्था गरिएको छ।

१६ औँ आवधिक योजना (आ.व. २०८२/८३-२०८५/८६) ले विकासका सबै क्षेत्र र आयाममा विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने रणनीति लिएको छ। जैविक विविधता, जलवायु परिवर्तन, हरित अर्थतन्त्र र विपद् उत्थानशीलतालाई संरचनागत रूपान्तरणका प्रमुख क्षेत्रका रूपमा समेट्दै आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क घटाउने लक्ष्य राखिएको छ। यस योजनामा स्वचालित मौसम पूर्वानुमान प्रणाली प्रवर्द्धन, एकीकृत विपद् व्यवस्थापन, सुदृढ आपतकालीन प्रतिक्रिया प्रणाली, पूर्वाधारमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन समावेश, बीमाको विस्तार र दिगो विकास लक्ष्यको स्थानीयकरण जस्ता रणनीति तथा कार्यक्रमहरू समावेश छन्।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापनका लागि दीर्घकालीन सोच, संस्थागत संरचना र कार्यान्वयन संयन्त्रको व्यवस्था गरेको छ। यसअनुसार राष्ट्रिय परिषद्, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश, जिल्ला तथा स्थानीय तहका विपद् व्यवस्थापन समितिहरू र विभिन्न तहका विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ।

नेपालले ह्योगो कार्यढाँचा (२००५-२०१५) र सेन्डाई कार्यढाँचा (२०१५-२०३०) आत्मसात गर्दै विपद् जोखिम न्यूनीकरणमा आधारित दृष्टिकोण अवलम्बन गरेको छ। सेन्डाई कार्यढाँचाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) तयार गरिएको छ।

यसका अतिरिक्त भू तथा जलाधार संरक्षण ऐन, जलस्रोत ऐन, स्थानीय सरकार सञ्चालन ऐन लगायतका विभिन्न कानुन, नीति, रणनीति र कार्यविधिहरूले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई सुदृढ बनाएका छन्। विपद् जोखिम न्यूनीकरणका कार्यहरूले दिगो विकास लक्ष्यहरू २, ३, ६, ९, ११, १३ र १५ हासिल गर्न प्रत्यक्ष योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

### १.२.२ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्बन्धी कानूनी व्यवस्था

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-४ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था छ। उक्त ऐनमा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि मन्त्रालय अन्तर्गत एक प्राधिकरण रहने व्यवस्था उल्लेख गरिएको छ। प्राधिकरण विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समितिको सचिवालयको रूपमा समेत रहेको छ। प्राधिकरणमा प्रशासकीय प्रमुखको रूपमा नेपाल सरकारले नियुक्त गरेको एक जना कार्यकारी प्रमुख र आवश्यकता अनुसार कर्मचारी रहने व्यवस्था रहेको छ। ऐनको दफा ११ मा प्राधिकरणको २५ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम ५ मा ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राधिकरणको ६ वटा अन्य काम, कर्तव्य र अधिकार तोकिएको छ। उक्त ऐनले विपद् व्यवस्थापन सम्बन्धी रणनीतिक योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने काम, कर्तव्य र अधिकार कार्यकारी समितिलाई तोकेको छ। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाः २०१८-२०३० मा विभिन्न रणनीतिक क्रियाकलापमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण जिम्मेवार निकायको रूपमा उल्लेख गरिएको छ।

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५) मा यो कार्यढाँचा कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको हुने उल्लेख छ। विपद् प्रतिकार्यको लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन प्रक्रियामा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता समन्वय कार्यढाँचामा, राष्ट्रिय विपद् प्रतिकार्यका लागि कार्यसञ्चालन विशेष व्यवस्थामा, विपद् प्रतिकार्यको राष्ट्रिय स्वरूपमा प्राधिकरणको महत्वपूर्ण भूमिका उल्लेख गरिएको छ। विपद् प्रतिकार्यका लागि पूर्वतयारी कार्ययोजना अन्तर्गतको विपद् प्रतिकार्य राष्ट्रिय कार्ययोजनामा उल्लेखित गतिविधी कार्यान्वयन गर्न प्राधिकरणलाई जिम्मेवार निकायको रूपमा व्यवस्था गरिएको छ।

विपद्को क्षतिलाई न्यूनीकरण गर्न, विपद् पश्चात् व्यक्ति, समाज र राष्ट्रको उत्थानशीलता वृद्धि गर्न तथा अझ राम्रो र बलियो समाज निर्माणका लागि आवश्यक वित्तीय स्रोत साधनको व्यवस्थापन गर्न विपद् जोखिम न्यूनीकरणका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ को व्यवस्था रहेको छ।

यसका अतिरिक्त राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि-२०७२, बर्ड फ्लु नियन्त्रण नियमावली-२०७८, सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन-२०७७, विपद् लेखाजोखा मार्गदर्शन-२०७२ एवं सोको प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment-IRA), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना-२०८२, मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना-२०८२, तातो हावाको लहर लु (Heat Wave) बाट बच्ने उपाय सम्बन्धी जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्ययोजना-२०८२, खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजना-२०७१, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालन कार्यविधि-२०८२, विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड-२०८३, विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि-२०७९, विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड-२०८२, स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि-२०७८, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन-२०७७, पूर्वानुमानमा आधारित पूर्वतयारी राष्ट्रिय कार्यढाँचा, २०८३, विपद् प्रभावित निजी आवास प्रबलीकरण, पूनर्निर्माण तथा पूनर्स्थापना अनुदान कार्यविधि, २०८३ कृतिम घटना अभ्यास सञ्चालन कार्यविधि, २०८३ लगायतका व्यवस्थाहरू समेत रहेका छन्।

### १.२.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०

#### क) दीर्घकालीन सोच

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले निर्देशित गरे अनुसार प्राधिकारणको दीर्घकालीन सोच विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकूलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्ने रहेको छ।

#### ख) लक्ष्य

विपद् जोखिम न्यूनीकरण, प्रभावकारी प्रतिकार्य तथा पुनर्निर्माण प्रक्रियामार्फत नेपाललाई सुरक्षित, उत्थानशील र दिगो विकासतर्फ अग्रसर गराउने।

#### ग) उद्देश्य

१. वैज्ञानिक तथा प्रमाणमा आधारित बहु जोखिम पहिचान, जोखिम मूल्याङ्कन, स्तरिकरण र नक्साङ्कन प्रणाली विकास तथा अद्यावधिक गरी विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउनु।

२. "Build Back Better" सिद्धान्तअनुसार विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्निर्माण र पुनर्स्थापनालाई विकास प्रक्रियामा आन्तरिकीकरण गरी प्रभावकारी विपद् व्यवस्थापन प्रणाली कार्यान्वयन गर्नु।

३. दिगो विकास र विपद् उत्थानशीलताको सिद्धान्त अवलम्बन गर्दै जोखिम-संवेदनशील योजना, डिजाइन र निर्माणमार्फत भौतिक पूर्वाधारको उत्थानशीलता सुदृढ गर्नु।

४. संघ, प्रदेश र स्थानीय तह तथा सरोकारवाला निकायहरूबीच स्पष्ट भूमिका र उत्तरदायित्वमा आधारित समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गरी विपद् उत्थानशील शासकीय प्रणाली सुदृढ गर्नु।

५. विपद् व्यवस्थापनका लागि पर्याप्त, पूर्वानुमानयोग्य र दिगो वित्तीय स्रोत सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत परिचालन, जोखिम हस्तान्तरण तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढ गर्नु।

६. समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन गर्दै जनचेतना अभिवृद्धि, स्थानीय क्षमता विकास र जोखिममा रहेका समुदायको सहनशीलता बढाउनु।

७. जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणबीचको समन्वय सुदृढ गर्नु।

८. नीति, संरचना, जनशक्ति, क्षमता, सूचना प्रणाली र प्रविधिमा सुदृढीकरण गर्दै प्राधिकरणलाई सक्षम, प्रभावकारी र प्रविधिमैत्री संस्थाका रूपमा विकास गर्नु।

## घ) प्राथमिकताका क्षेत्रहरु

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले निर्देशित गरे अनुसार यस कार्ययोजनाका विभिन्न चारवटा प्राथमिकताका क्षेत्रहरु रहेका छन् र त्यसलाई हासिल गर्नका लागि विभिन्न क्षेत्रगत रणनीतिहरु पनि रहेका छन्।

- विपद् जोखिमबारे बुझाई,
- संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण,
- विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन,
- प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा 'अझ राम्रो र बलियो निर्माण' का लागि विपद् पुर्वतयारीको सुदृढीकरण।

## १.३ प्राधिकरणको स्थापना र गठन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना भएको हो।




## १.४ प्राधिकरणको कार्यक्षेत्र

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) बमोजिम जोखिमको जानकारी, सङ्घ, प्रदेश र स्थानीय तहमा शासकीय पद्धतिको सुदृढीकरण, जोखिम न्यूनीकरणका लागि सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन, पूर्व तयारी तथा प्रतिकार्य, पुनर्निर्माण तथा पुनर्स्थापना, अध्ययन, अनुसन्धान तथा तालिम, बहुप्रकोपीय पूर्व सूचना प्रणाली, विपद् जोखिम वित्तीय व्यवस्थापन नै यस प्राधिकरणको प्रमुख कार्यक्षेत्र रहेको छ। प्राधिकरणको काम, कर्तव्य र अधिकार सम्बन्धी विस्तृत विवरण **अनुसूची १** मा दिइएको छ।

## १.५ प्राधिकरण सम्बन्धी संस्थागत संरचना र कार्यात्मक व्यवस्थाहरू

### १.५.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्

विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को दफा (३) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको

अध्यक्षतामा नेपाल सरकारका सबै मन्त्रीहरू, सबै प्रदेशका मुख्य मन्त्रीहरू, तीनवटै सुरक्षा निकायका प्रमुखहरू लगायतका पदाधिकारीहरू सम्मिलित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को व्यवस्था रहेको छ। परिषद्को सदस्य सचिवको रूपमा प्राधिकरणका कार्यकारी प्रमुख रहने प्रावधान छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को गठन **अनुसूची २** मा उल्लेख गरिए बमोजिम हुनेछ।

### १.५.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

विपद्व सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को दफा (६) बमोजिम माननीय गृह मन्त्रीज्यूको संयोजकत्वमा भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, पूर्वाधार विकास मन्त्री, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री, नेपाल सरकारका सबै मन्त्रालयका सचिवहरू, तीनवटै सुरक्षा निकायका प्रमुखहरू लगायतका पदाधिकारीहरू सम्मिलित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको गठन गरिएको छ। समितिको सदस्य सचिवको रूपमा प्राधिकरणका कार्यकारी प्रमुख रहने प्रावधान छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको गठन **अनुसूची ३** मा उल्लेख गरिए बमोजिम हुनेछ।

### १.५.३ प्रशासनिक संगठन संरचना र दरबन्दी विवरण

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा कुल ३८ जनाको दरबन्दी कायम रहेको छ । संगठन संरचना अनुसार विशिष्ट श्रेणी सरहको सेवा सुविधा पाउने गरी नियुक्त कार्यकारी प्रमुखको नेतृत्वमा प्रशासन सेवा र इन्जिनियरिङ्ग सेवाका एक/एक जना सहसचिव (राजपत्रांकित प्रथम श्रेणी) को महाशाखा प्रमुख रहने व्यवस्था छ। प्राधिकरणमा आवश्यकता अनुसार विभिन्न सेवा र समूहका कर्मचारीहरू माग गरी काम काजमा खटाउन सक्ने समेत प्रावधान रहेको छ।

प्राधिकरणको संगठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत विवरण **अनुसूची ४** मा उल्लेख गरिएको छ।

## १.६ नेपालमा विपद् जोखिमको अवस्था र प्रवृत्ति

नेपाल भूकम्प, बाढी, पहिरो, चट्याङ, आगलागी, वन डढेलो, शीतलहर, हावाहुरी, डुबान, खडेरी, सडक दुर्घटना, हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोट, अतिवृष्टि, अनावृष्टि, तातो हावाको लहर तथा सर्पदंशजस्ता विविध प्राकृतिक तथा मानवीय उत्पत्तिका विपद्संग निरन्तर जुझ्दै आएको छ। यस्ता विपद्हरूले प्रत्येक वर्ष जनधनको ठूलो क्षति पुऱ्याउनुका साथै सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमा समेत नकारात्मक प्रभाव पार्दै आएका छन्।

यसका साथै पशु तथा चराचुरुङ्गीमा देखिने फ्लु, विभिन्न महामारी, हवाई तथा औद्योगिक दुर्घटना, किट तथा सूक्ष्म जीवाणुजन्य आतङ्क, , वातावरणीय प्रदूषणजस्ता प्रकोपहरूले पनि समय-समयमा जनस्वास्थ्य र जनजीवनलाई गम्भीर असर पुऱ्याउँदै आएका छन्। यस्ता विपद्हरूको प्रकृति बहुआयामिक र जटिल बन्दै गएको देखिन्छ।

जलवायु परिवर्तन, वातावरणीय विनाश, अव्यवस्थित शहरीकरण तथा जोखिम संवेदनशील भू-भागमा गरिएको बसोबासले नेपालमा विपद् जोखिमलाई थप बढाएको छ। विगत केही वर्षयता विपद् घटनामा उल्लेखनीय वृद्धि भएको तथ्याङ्कहरूले देखाएका छन्। विज्ञहरूका अनुसार २०७२ सालको विनाशकारी भूकम्पपछि मनसुनको समयमा बाढी र पहिरोको आवृत्ति तथा तीव्रता बढ्दै गएको छ।

त्यसैगरी जलवायु परिवर्तनका गम्भीर प्रभावहरू स्पष्ट रूपमा देखिन थालेका छन्। हिमाली क्षेत्रमा समेत असामान्य भारी वर्षा, लेदोसहितको बाढी, बेमौसमी वर्षा, हिमपहिरो तथा हिमताल विस्फोटजस्ता घटनाहरू बढ्नुको प्रमुख कारण जलवायु परिवर्तन मानिएको छ। यस्ता विपद्का घटनामा प्राकृतिक कारणसँगै मानवीय गतिविधिहरू पनि समान रूपमा जिम्मेवार रहेका छन्।

यसरी नेपालमा विपद् जोखिमको अवस्था जटिल र चुनौतीपूर्ण बन्दै गएको छ, जसले दीर्घकालीन योजना, जोखिम न्यूनीकरण, पूर्वतयारी, तथा प्रभावकारी विपद् व्यवस्थापन प्रणालीको आवश्यकता झनै स्पष्ट बनाएको छ।

### १.६.१ मिति २०८२ श्रावण १ देखि २०८३ असार मसान्तसम्म घटेका विपद् सम्बन्धी प्रमुख घटनाहरू

२०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म नेपालमा भएका विपद्जन्य घटनाहरूलाई विश्लेषणसहित देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**आगलागी**

वि.सं. २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म देशभर आगलागीका ३,७३३ वटा घटना घटेका छन् जसबाट १०४ जनाको मृत्यु र ५४७ जना घाइते भएका छन्। ५२३ घर

पूर्णरुपमा र ३९३ घर आंशिक रुपमा क्षतिग्रस्त भएका छन्। आगलागीबाट ४,२८४ परिवार प्रभावित भएका छन् भने अनुमानित रु. १,६५,०३,३५,०८७ नोक्सानी भएको छ। आगलागीमा ६५५ गोठ जल्दा १,३८९ वटा पशुचौपायाको पनि क्षति हुन पुगेको छ। आगलागीबाट भएको क्षतिको विवरण तालिका नं.१ मा प्रस्तुत छ।

**तालिका १: आगलागीजन्य क्षतिको प्रदेशगत विवरण**

| प्रदेश | मृत्यु | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | अनुमानित क्षति(रु) |
|---|---|---|---|---|---|---|---|
| | | | | आंशिक | पूर्ण | | |
| कोशी | १३ | १११ | १,०१० | १०२ | २०३ | १७९ | ४७,४९,७०,९८० |
| मधेश | ३४ | १४५ | १,१५२ | ११४ | ११६ | १६४ | ३०,९३,६५,३०० |
| बाग्मती | १४ | १०६ | ५६७ | ४७ | ३६ | ४८ | २६,९५,०४,५६० |
| गण्डकी | ११ | ३९ | ३१६ | १८ | ३४ | ४६ | २२,९९,५६,२०० |
| लुम्बिनी | १६ | ८६ | ६४९ | ४६ | ७८ | १२१ | १९,२७,०६,२४७ |
| कर्णाली | ८ | २२ | २२५ | २५ | २७ | २० | ३,३३,१५,४०० |
| सुदुर पश्चिम | ८ | ३८ | ३६५ | ४१ | २९ | ७७ | १४,०५,१६,४०० |

## पहिरो

वि.सं. २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म देशभर पहिरोका ८९५ वटा घटना घटेका छन्। यसबाट ८० जनाको मृत्यु, १०० जना घाइते र ५ जना बेपत्ता भएका छन्। ३८८ घर पूर्ण र ९१८ घर आंशिक क्षति पुगेको र १,७६० परिवार प्रभावित भएका छन् भने रु. ४,५४,६५,१०० भन्दा बढी निजी सम्पत्ति नोक्सानी भएको छ। पहिरोको विवरण तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

**तालिका २: पहिरोजन्य क्षतिको प्रदेशगत विवरण**

| प्रदेश | मृत्यु | घाइते | बेपत्ता | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | अनुमानित क्षति(रु) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्ण | आंशिक | | |
| कोशी | ४७ | ३६ | १ | १०८३ | ३५३ | ८६२ | ८ | ३,७९,३५,१०० |
| मधेश | ० | ० | ० | १ | ० | ० | ० | ० |
| बाग्मती | ६ | १८ | २ | २३३ | ६ | १५ | ८ | २०,८०,००० |
| गण्डकी | १४ | १७ | १ | ८१ | २ | ५ | ६ | ० |
| लुम्बिनी | ४ | ७ | ० | ४६ | १२ | ७ | ६ | १७,००,००० |
| कर्णाली | ९ | ११ | ० | २४४ | १२ | २२ | ० | १,३५,००० |
| सुदूरपश्चिम | ० | ११ | १ | ७२ | ३ | ७ | ० | ३,६१,५००० |

## बाढी

वि.सं. २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म देशभर बाढीका ३५५ वटा घटना घटेका छन् जसबाट ३६ जनाको मृत्यु, १७ जना घाइते र ८ जना बेपत्ता भएका छन्। यसबाट ४६ घर पूर्ण रुपमा क्षति, ४१ घरमा आंशिक क्षति पुगेको र २४७५ परिवार प्रभावित भएका छन् भने रु. १७,९८,८१,६०० भन्दा बढी निजी सम्पत्ति नोक्सानी भएको छ। बाढीमा १० गोठ पनि क्षति हुन पुगेको छ। बाढीजन्य क्षतिको विवरण तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३ : बाढीजन्य क्षतिको प्रदेशगत विवरण**

| प्रदेश | मृत्यु | घाइते | बेपत्ता | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | अनुमानित क्षति(रु) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्ण | आंशिक | | |
| कोशी | ८ | ६ | २ | ११५७ | ५ | ८ | ६ | १५,६१,८७,६०० |
| मधेश | ३ | ० | १ | ४६४ | १ | ० | १ | ७,८९,००० |
| बाग्मती | १३ | ७ | ५ | १४३ | १ | १ | ० | २२,९०,००० |
| गण्डकी | ३ | ० | ० | ३७ | २ | ४ | १ | १३,००,००० |
| लुम्बिनी | ५ | ० | ० | ९१ | १ | २ | २ | १,२५,००० |
| कर्णाली | २ | ४ | ० | १८२ | १२ | २५ | ० | १,६२,९०,००० |
| सुदूरपश्चिम | २ | ० | ० | ४०१ | २४ | १ | ० | २९,००,००० |

## भारी वर्षा

वि.सं. २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म देशभर भारी वर्षाका ५१४ वटा घटना घटेका छन् ।यसबाट १० जनाको मृत्यु र २५ जना घाइते भएका छन्। यसबाट १२४ घर पूर्ण क्षति, ९३ घर आंशिक क्षति र ६५२ परिवार प्रभावित भएका छन् भने रु. ५,०८,२६,५४१ भन्दा बढी निजी सम्पत्ति नोक्सानी भएको छ।भारी वर्षामा ४३ वटा गोठ पनि क्षति हुन पुगेको छ।भारी वर्षाले पुऱ्याएको क्षतिको विवरण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ।

**तालिका ४ : भारी वर्षाले पुऱ्याएको क्षतिको प्रदेशगत विवरण**

| प्रदेश | मृत्यु | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | अनुमानित क्षति(रु) |
|---|---|---|---|---|---|---|---|
| | | | | पूर्ण | आंशिक | | |
| कोशी | १ | ३ | ६४ | ८ | १३ | ८ | १,७१,१२,६४१ |
| मधेश | ० | १ | ६२ | १४ | १४ | ३ | १,१०,५०,९०० |
| बाग्मती | २ | ११ | १९३ | १० | १ | २ | ५९,६०,००० |

| प्रदेश | मृत्यु | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | अनुमानित क्षति(रु) |
|---|---|---|---|---|---|---|---|
| | | | | पूर्ण | आंशिक | | |
| गण्डकी | १ | ३ | ५१ | १२ | ८ | ४ | ७,००,००० |
| लुम्बिनी | २ | ० | १२५ | ३७ | २० | १० | १,२७,६८,००० |
| कर्णाली | ० | ३ | ८६ | २३ | २६ | ९ | ४,१५,००० |
| सुदूरपश्चिम | ४ | ४ | ७१ | २० | ११ | ७ | २८,२०,००० |

## चटयाङ

वि.सं. २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म देशभर चटयाङ्गका ४३१ वटा घटना घटेका छन् जसबाट ४५ जनाको मृत्यु र २८१ जना घाइते भएका छन्। यसबाट ८ वटा घर पूर्ण रुपमा र ३४ घर आंशिक क्षति पुगेको र ५४५ परिवार प्रभावित भएका छन् भने रु. १,५२,३४,५०० भन्दा बढी निजी सम्पत्ति नोक्सानी भएको छ। चटयाङ्गमा ९ बटा गोठ पनि क्षति हुन पुगेको छ। चटयाङ्ले पुऱ्याएको क्षतिको विवरण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५: चटयाङले पुऱ्याएको क्षतिको प्रदेशगत विवरण**

| प्रदेश | मृत्यु | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | अनुमानित क्षति(रु) |
|---|---|---|---|---|---|---|---|
| | | | | पूर्ण | आंशिक | | |
| कोशी | ९ | ८२ | १७१ | ६ | ९ | ७ | ८०,४९,५०० |
| मधेश | ८ | २१ | ३३ | ० | २ | ० | २,६८,००० |
| बाग्मती | ७ | २५ | ५२ | ० | ५ | १ | ४५,४५,००० |
| गण्डकी | ५ | २५ | ४२ | ० | ४ | १ | २५,००० |
| लुम्बिनी | १३ | ६० | ९६ | १ | ९ | ० | १२,५५,००० |
| कर्णाली | २ | ३२ | ८८ | ० | ४ | ० | १०,८,०००० |
| सुदूरपश्चिम | १ | ३६ | ६३ | १ | १ | ० | १,२००० |

## हावाहुरी

वि.सं. २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म देशभर हावाहुरीका ६८५ वटा घटना घटेका छन् जसबाट १८ जनाको मृत्यु र ८९ जना घाइते भएका छन्। यसबाट ९६ वटा घर पूर्ण क्षति, १,०९४ वटा घर आंशिक क्षति पुगेको र १,८०७ परिवार प्रभावित भएका छन् भने रु. १६,५३,११,४०० भन्दा बढी निजी सम्पत्ति नोक्सानी भएको छ। हावाहुरीमा १२९ वटा गोठ पनि क्षति हुन पुगेको छ। हावाहुरीले पुऱ्याएको क्षतिको विवरण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ।

तालिका ६ : हावाहुरीले पुऱ्याएको क्षतिको प्रदेशगत विवरण

| प्रदेश | मृत्यु | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | अनुमानित क्षति(रु) |
|---|---|---|---|---|---|---|---|
| | | | | पूर्ण | आंशिक | | |
| कोशी | ४ | १८ | ४५१ | ४९ | २४० | ३५ | ११,६६,८६,००० |
| मधेश | ८ | २२ | ४८२ | १५ | २८४ | ८ | २,१८,१५,५०० |
| बागमती | २ | १० | १५१ | १ | ९५ | १० | १,८८,२०,००० |
| गण्डकी | ० | ११ | २४० | १० | २१३ | ३४ | ७,०२,००० |
| लुम्बिनी | ३ | ९ | २०६ | १६ | ६९ | २८ | ४२,१३,५०० |
| कर्णाली | १ | ६ | ११० | १ | ५८ | ४ | १०,९८,००० |
| सुदूरपश्चिम | ० | १३ | १६७ | ४ | १३५ | १० | १९,७६,४०० |

## जनावर आक्रमण

वि.सं. २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म देशभर जनावर आक्रमणका ५९१ वटा घटना घटेका छन्। जसबाट ६३ जनाको मृत्यु र ३१४ जना घाइते भएका छन्। कुल १० घर पूर्ण क्षति, ६१ घर आंशिक क्षति पुगेको र ९५८ परिवार प्रभावित भएका छन् भने रु. १,९८,००,१०० भन्दा बढी निजी सम्पत्ति नोक्सानी भएको छ। जनावर आक्रमणबाट भएको क्षतिको विवरण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ।

तालिका ७ : जनावर आक्रमणले पुऱ्याएको क्षतिको प्रदेशगत विवरण

| प्रदेश | मृत्यु | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | अनुमानित क्षति(रु) |
|---|---|---|---|---|---|---|---|
| | | | | पूर्ण | आंशिक | | |
| कोशी | १२ | ७९ | ३९१ | ७ | ४१ | २ | १,६२,२०,०५० |
| मधेश | १० | ३७ | १४३ | ० | ९ | ० | २८,६१,०५० |
| बागमती | ९ | ४५ | ६४ | ० | ० | ० | ५७,००० |
| गण्डकी | ० | ३८ | ५० | ० | ० | ० | ५५,००० |
| लुम्बिनी | २१ | ५१ | ८० | १ | ० | ० | १,४०,००० |
| कर्णाली | ६ | ३० | ५९ | ० | ० | ० | १,८०,००० |
| सुदूरपश्चिम | ५ | ३४ | १७१ | २ | ११ | ० | २,८७,००० |

## सर्पदंश

वि.सं. २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म देशभर सर्पदंशका ९९२ वटा घटना घटेका छन्। यसबाट ८६ जनाको मृत्यु, ९११ जना घाइते र ९९३ परिवार प्रभावित भएका छन्। सर्पदंशका कारणले मृत्यु तथा घाइते हुनेहरूको प्रदेशगत विवरण तालिका नं. ८ मा प्रस्तुत गरिएको छ।

**तालिका ८ : सर्पदंशका कारणले मृत्यु तथा घाइते हुनेहरुको प्रदेशगत विवरण**

| प्रदेश | मृत्यु | घाइते | प्रभावित परिवार |
|---|---|---|---|
| कोशी | १५ | १३२ | १४७ |
| मधेश | ३२ | १३७ | १६८ |
| बागमती | १ | ३४ | ३४ |
| गण्डकी | ० | ९१ | ९२ |
| लुम्बिनी | २३ | २६८ | २८७ |
| कर्णाली | २ | ४४ | ४८ |
| सुदूरपश्चिम | १३ | २०५ | २१७ |

## हवाई दुर्घटना

वि.सं. २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म २ वटा हवाई दुर्घटना हुँदा ८ जना घाइते भएका छन्।

## १.६.२ आ.व. २०८२/०८३ को श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म नेपालमा घटेका प्रमुख विपद्जन्य घटनाहरूको एकीकृत विश्लेषण

आ.व. २०८२/०८३ को श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म घटेका प्रमुख विपद्जन्य घटनाको एकीकृत विवरण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ।

**तालिका ९ : आर्थिक वर्ष २०८२/०८३ को श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्ममा घटेका विपद्का घटनाको सङ्क्षिप्त विवरण**

| क्र.सं. | विपद्को नाम | मृत्यु | वेपत्ता | घाइते | प्रभावित घरपरिवार | अनुमानित क्षति (रु. लाखमा) |
|---|---|---|---|---|---|---|
| १ | आगलागी | १०४ | ० | ५४७ | ४,२८४ | १,६५,०३,३५,०८७ |
| २ | सर्पदंश | ८६ | ० | ९११ | ९९३ | ० |
| ३ | पहिरो | ८० | ५ | १०० | १,७६० | ४,५४,६५,१०० |
| ४ | जनावर आतङ्क | ६३ | १ | ३१४ | ९५८ | १,९८,००,१०० |
| ५ | लेक लाग्नु | ५१ | ० | ११३ | १५७ | ० |
| ६ | चट्याङ्ग | ४५ | ० | २८१ | ५४५ | १,५२,३४,५०० |
| ७ | बाढी | ३६ | ८ | १७ | २,४७५ | १७,९८,८१,६०० |
| ८ | हावाहुरी- | १८ | ० | ८९ | १,८०७ | १६,५३,११,४०० |
| ९ | भारी वर्षा | १० | ० | २५ | ६५२ | ५,०८,२६,५४१ |
| १० | हिऊँपहिरो | ७ | ५ | १५ | २७ | ० |
| ११ | वन डढेलो | ३ | ० | ३ | ५४ | १४,९१,१०० |
| १२ | डुङ्गा पल्टेर | २ | ० | ० | १ | ० |
| १३ | अन्य | १ | ० | ३ | ४ | ० |
| १४ | भूकम्प | ० | ० | ० | १ | ० |
| १५ | महामारी | ० | ० | ० | १५५ | ० |
| १६ | शीतलहर | ० | ० | ० | ० | ० |
| १७ | हवाई दुर्घटना | ० | ० | ८ | ८ | ० |
| १८ | असिना | ० | ० | ० | ४ | ८०,००० |
| | कुल जम्मा | ५०६ | १९ | २,४२६ | १३,८८५ | २,१२,८४,२५,४२८ |

## १.७ कार्यालय प्रमुख र सूचना अधिकारको नाम र पद

| क्र.स. | फोटो | नाम र पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. |  | डा.धर्मराज उप्रेती<br>कार्यकारी प्रमुख | ९८५१४१३१९७ | मिति २०८३/०४/०८ देखि कार्यकारी प्रमुख पदमा कार्यरत। |
| २. |  | शान्ति महत<br>उपसचिव/प्रवक्ता/<br>सूचना अधिकारी | ९८५१३२०२६९ | मिति २०८२/०४/०८ देखि यस कार्यालयमा कार्यरत रहेको। |

# परिच्छेद-दुई
# सम्पादित भएका मुख्य मुख्य कार्यहरू

## २.१ आ.व. २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रमको प्रगति

**कार्यालय कोड नं : ३१४००३५०२**

**आ.व. २०८२/८३ को बजेट खर्चको विवरण**

| क्र. सं. | बजेट उ.शी.नं. | अन्तिम बजेट | असार महिनासम्मको खर्च | बाँकी बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३१४००१०४ (पूँजीगत) | २,७३,२०,००० | २,४७,६३,८६० | २५,५६,१४० | ९०.६४% |
| २ | ३१४००१०३ (चालू) | २०,२४,५८,७०४ | १५,२०,४९,७३६.९० | ५,०४,०८,९६७. | ७५.१०% |

## २.२ गृह प्रशासन सुधार योजना, २०७८ को (आ.व २०८२/८३) को प्रगति

| सि.नं. | योजनाको बुँदा नं. | जिम्मेवारी | प्रगति अवस्था |
|---|---|---|---|
| १ | ११ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (NRA) बाट सरी आएको जिम्मेवारी समेत बहन गर्ने गरी निर्देशिका तयार गर्ने। | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको बाँकी काम सम्पन्न गर्न संशोधन सहित आठवटा कार्यविधि मिति२०७८/१०/१४ को कार्यकारी समितिको बैठकबाट स्वीकृत भई कार्यान्वयन रहेको। |
| २ | २६ | विपद् व्यवस्थापन सम्बन्धी स्वयंसेवक ब्यूरो निर्देशिका तर्जुमा गर्ने। | स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०७८ तर्जुमा भई कार्यान्वयनमा रहेको। |
| ३ | ३१ | राष्ट्रिय विपद् उत्थानशील कार्यढाँचा (National Disaster Resilience Framework) जारी गरी सो को कार्ययोजना बनाउने। | शुरूवाती प्रतिवेदन तयार भएको। |
| ४ | ६७ | प्राधिकरणको भवन निर्माण तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने। | भवन निर्माण नभएको। |
| ५ | ६८ | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र (DEOC) को छुटै इकाई स्थापनका लागि संगठन तथा व्यवस्थापन सर्बेक्षण गर्ने। | ७७ वटै जिल्लामा आपत्कालीन नम्बर १२३४ मा फोन गरेपछि जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट |

| | | | |
|---|---|---|---|
| | | | गुनासो/समस्या संबोधन हुने गरी प्रबन्ध मिलाइएको। |
| ६ | ११७ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तीनै तहमा समान बुझाइका लागि अध्ययन, अनुसन्धान र क्षमता विकास कार्यक्रम संचालन गर्ने। | नियमित रूपमा भइरहेको। स्थानीय तहका कर्मचारीको क्षमता अभिवृद्धिको लागि १९ जनालाई DRP सम्बन्धी तालिम प्रदान गरिएको। विपद् पोर्टल सम्बन्धी विषयमा क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको। |
| ७ | १२८ | प्रकोपजन्य जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि Risk Assessment Platform तयार गर्ने। | विपद् पोर्टलमा Risk Assessment को विवरण upload गरिएको। |
| ८ | १२९ | मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्य सम्पन्न गर्ने। | मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्य नियमित रुपमा भइरहेको। |
| ९ | १३० | विपद्को समयमा खोज तथा उद्धार कार्यमा खटिने जनशक्तिको जोखिम बीमा सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउने। | जनशक्तिको जोखिम बिमा सम्बन्धी प्रतिवेदन तयार भई पेश गर्ने चरणमा रहेको। |
| १० | १३१ | विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुर्याउने संस्था तथा व्यक्तिलाई सम्मान स्वरुप पुरस्कृत गर्न मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइने। | विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुर्याउने संस्था तथा व्यक्तिलाई सम्मान स्वरुप पुरस्कृत गर्न सम्बन्धी मापदण्ड, आगामी कार्यकारी समितिमा स्वीकृतिको लागि पेश गर्ने तयारीमा रहेको। |
| ११ | १३५ | National Siulation Exercise (SIMEX) Guiding सम्बन्धी दिग्दर्शन | कृत्रीम घटना अभ्यास सञ्चालन निर्देशिका,२०८३ स्वीकृत भई २ स्थानमा स्थानीयकरण गरिएको। |

| | | | |
|---|---|---|---|
| | | र Drill तर्जुमा गरी कृत्रिम अभ्यास कार्यक्रम संचालन गर्ने। | |
| १२ | १३२ | जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना हुन बाँकी १५ वटा जिल्लाहरूमा आपत्कालीन कार्यसंचालन केन्द्र स्थापना एवम् सबै जिल्लामा आपत्कालीन कार्यसंचालन केन्द्र सुदृढीकरण र संचालन गर्ने। | ७७ वटै जिल्लामा आपत्कालीन नम्बर १२३४ मा फोन गरेपछि जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट गुनासो/समस्या संबोधन हुने गरी प्रबन्ध मिलाइएको। |
| १३ | १३७ | प्रकोपको प्रकृति अनुरुप सम्मुखता, संकटउन्मुखता र जोखिमको आकलन तथा नक्साङ्कन गर्ने। | जोखिम आकलन नियमित रूपमा भइरहेको पहिरो र मनसुनजन्य विपद्को निश्चित स्थानहरूमा नक्साङ्कन भइरहेको । सबै प्रकारका विपद्लाई नक्साङ्कन समेट्ने कार्य भइरहेको। |
| १४ | १६७ | विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-३०को प्रगति अनुगमन गर्न Monitor for Disaster Strategic Action Plan (MDSA) सफ्टवेयर प्रणाली संचालनमा ल्याउने। | Monitor for Disaster Strategic Action Plan (MDSA) सफ्टवेयर प्रणाली संचालनमा आएको। |
| १५ | ९ (सहयोगी) | विपद् जोखिम व्यवस्थापनका लागि अन्तरतह समन्वय सम्बन्धी मार्गदर्शन तर्जुमा गर्ने। | आ.व २०८२/८३ को वार्षिक कार्यक्रममा प्रविष्टि गरिएको। |
| १६ | २७ (सहयोगी) | उद्धारोत्तर आश्रयस्थल (Evacuation Centre/Rescue Centre) स्थापना गर्ने सम्बन्धमा नीतिगत मापदण्ड तयार गर्ने। | |
| १७ | २८(सहयोगी) | मानवीय सहायतास्थल संचालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि, २०८१ स्वीकृत भई कार्यान्वयनमा रहेको। |

| | | | |
|---|---|---|---|
| १८ | २९ (सहयोगी) | विपद् अवस्थामा जोखिममा रहेका व्यक्ति तथा समूहको प्राथमिकताका आधारमा व्यवस्थापन गर्न एकीकृत मापदण्ड तयार गर्ने। | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीकरण रणनीतिक कार्ययोजना, २०८१ र विपद् संवेदनशील समाजिक सुरक्षा तथा राहत कार्यान्वयनमा आएको। |
| १९ | ३० (सहयोगी) | विपद् व्यवस्थापनको सम्बन्धमा विशेषज्ञ समिति गठनका लागि कार्यविधि तर्जुमा गर्ने। | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियमावली, २०७६ को नियम ४ मा विशेषज्ञ समिति सम्बन्धी व्यवस्था गरिएको। |
| २० | ३२ (सहयोगी) | राहत सामग्रीको गुणस्तर सम्बन्धी मापदण्ड निर्माण गर्ने। | |
| २१ | १३३ (सहयोगी) | हलुका र मध्यम तहको खोज तथा उद्धारका लागि आवश्यक उपकरण सहितको तुरुन्तै परिचालन हुने स्वयंसेवक सहितको विशेष टोली (First Responder/Flying Squad) व्यवस्था गर्ने। | खोज तथा उद्धार टोली गठन तथा परिचालन सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत भई कार्यान्वयनमा रहेको। |
| २२ | १३४(सहयोगी) | अन्तरराष्ट्रिय खोज तथा उद्धार सहयोगी समूह (International Search and Rescue Advisory Group - INSARAG) को Accreditation प्राप्त गर्ने। | |
| २३ | १३६ (सहयोगी) | विपद् पूर्वतयारीका लागि स्थानीय तहसम्म खुल्ला क्षेत्रहरूको अद्यावधिक एवम् प्रकाशन गर्ने। | निरन्तर रुपमा विपद् पोर्टलमा अद्यावधिक भइरहेको। |
| २४ | १३८ (सहयोगी) | प्रहरी चौकीस्तरसम्म विपद् उद्धारका सामग्रीहरूको व्यवस्था गर्ने। | निरन्तर रुपमा भइरहेको। |
| २५ | १३९ (सहयोगी) | विपद् व्यवस्थापन डाटावेस प्रणाली (Disaster Management Database System) को स्थापना गर्ने। | विपद् व्यवस्थापन पोर्टल संचालनमा रहेको। |
| २६ | १४० (सहयोगी) | विपद् व्यवस्थापनमा खटिने जनशक्तिको क्षमता विकास गर्ने। | सुरक्षा निकाय र स्वयंसेवकलाई Community Action for Disaster Response (CADRE), Medical First Responder (MFR), Collapsed Structure and Resuce(CSSR),Swift Water Rescue (SWR), Hospital Preparedness for Emergencies |

| | | | |
|---|---|---|---|
| | | | (HOPE) सम्बन्धी तालिम प्रदान गर्दै सवैप्रकारका विपद् प्रभावितलाई शीघ्र खोज तथा उद्धार कार्यका लागि तयारी अवस्थामा राखिएको। |
| २७ | १६४ (सहयोगी) | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (National Emergency Operation Centre-(NEOC) सञ्चालन कार्यविधि परिमार्जन गर्ने। | कार्यविधि स्वीकृत भई कार्यान्वयनमा रहेको। |
| २८ | १६६ (सहयोगी) | विपद् व्यवस्थापन सम्बन्धी नीति, कार्यनीति, मापदण्ड तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-३० को मध्यावधिक समिक्षाका लागि समिति गठन। | २०८१/०८२ को प्रतिवेदन तयार भएको । |

## २.३ आर्थिक वर्ष २०८२/८३ को प्रमुख कार्यहरू र मुख्य मुख्य उपलब्धीहरू

### विपद् अनुसन्धान, मापदण्ड निर्धारण तथा क्षमता विकास शाखा

| क्र.स. | क्रियाकलाप | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | तीनवटा प्रदेशका तीन स्थानमा वन डढेलो व्यवस्थापन तालिम | सम्पन्न |
| २ | Nature-based Solutions for DRR क्षेत्रगत समन्वय कार्यक्रम | सम्पन्न |
| ३ | Assessment of Possibility of Infrastructure Damage by Landslide | सम्पन्न |
| ४ | देशका विभिन्न स्थानहरूमा बस्ती स्थानान्तरण सम्बन्धमा आपत्कालीन भौगोलिक अध्ययन कार्य | सम्पन्न |
| ५ | प्रारम्भिक अध्ययनबाट पहिचान भएका स्थानहरूमा Geophysical लगायत विस्तृत Geological Study | सम्पन्न |
| ६ | बाढी, पहिरो तथा debris प्रभावित क्षेत्रको अध्ययन अवलोकन कार्य | सम्पन्न |
| ७ | विपद् पूर्वसूचना (Early Warning), पूर्व कार्य (Anticipatory Action) सम्बन्धी कार्यक्रम | सम्पन्न |
| ८ | प्रभावमा आधारित पूर्वानुमान र विपद् व्यवस्थापन सम्बन्धी विद्यालयस्तरीय चेतनामूलक कार्यक्रम | सम्पन्न |
| ९ | लुम्बिनी प्रदेशमा तातो हावाको लहरको प्रकोप जोखिम नक्सांकन | सम्पन्न |

### योजना, अनुगमन तथा मूल्यांकन शाखा

| सि.नं. | क्रियाकलाप | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | वार्षिक प्रतिवेदन, अनुसन्धान प्रतिवेदन, कार्यविधि, नियमावली प्रकाशन। | २०० थान वार्षिक प्रतिवेदन र १००० थान विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमवली २०७६ प्रकाशन गरिएको। |
| २ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिक कार्ययोजना प्रकाशन तथा स्थानीयकरण गर्ने। | ७ प्रदेश, ७७ जिल्ला र ७५३ वटा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिक कार्ययोजना,२०८१ कार्यन्वयनको लागि पठाइएको साथै ३ वटा स्थानीय तहमा कार्ययोजनाको स्थानीयकरण गरिएको। |
| ३ | एकीकृत Simulation Guideline को स्थानीयकरणका लागि अन्तरक्रिया कार्यक्रम। | लक्ष्य बमोजिम २ स्थानमा सम्पन्न। |
| ४ | बहुप्रकोपीय दृष्टिले उच्च जोखिमयुक्त स्थानीय तहका विद्यालयमा विपद् जोखुम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय पाठ्यक्रम (Local Curriculum) निर्माण तथा सम्बन्धित स्थानीय तहमा प्रबोधिकरण (हिमाल पहाड र तराईका १/१ वटा स्थानीय तह)। | प्राधिकरण तथा विश्व खाद्य कार्यक्रमको साझेदारीमा ११ स्थानबाट पाठ्यक्रममा समेट्नु पर्ने सुझाव संकलन गरिएको र पाठ्यक्रमको मस्यौदा तयार भएको। |
| ५ | ऐन, नियम, कार्यविधि, निर्देशिका, कार्ययोजना, रणनीति, मापदण्ड तर्जुमा/परिमार्जन गर्ने। | खोज तथा उद्धार टोली गठन तथा परिचालन सम्बन्धी मापदण्ड,२०८३ |
| | | कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि,२०८३ |
| | | विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुननिर्माण तथा पुनर्स्थापना अनुदान (दोस्रो संशोधन) कार्यविधि,२०८३ |
| | | आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि,२०८२ |
| | | अस्थायी आवास निर्माण अनुदान मापदण्ड,२०८२ |
| | | मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ |
| | | अत्यधिक गर्मी वा तातो हावाको लहर(लु) र खडेरीका लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य राष्ट्रिय कार्ययोजना,२०८३ |
| | | वन, डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोना, २०८२ |

| सि.नं. | क्रियाकलाप | कार्यान्वयन अवस्था |
|---|---|---|
| | | शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ |
| ६ | वार्षिक तथा अर्धवार्षिक समीक्षा गोष्ठी | लक्ष्य बमोजिम सम्पन्न भएको। |
| ७ | प्रदेश तथा स्थानीय तहका प्रतिनिधि तथा कर्मचारीलाई विपद् सम्वेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ को कार्यान्वयनको लागि अभिमुखीकरण तथा तालिम। | अभिमुखीकरण तथा तालिम ५० वटा स्थानमा सम्पन्न भएको । |
| ८ | विपद् सम्वेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ को कार्यावयनको लागि सामाजिक सुरक्षा कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रमसँग अन्तर आद्वता लागि आवश्यक छलफल तथा अन्तरक्रिया कार्यक्रम। | लक्ष्य बमोजिम सम्पन्न भएको। |
| ९ | विपद् सम्वेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ मापदण्डको कार्यान्वयनको लागि BIPAD पोर्टलको अपडेट। | Update को लागि आवश्यक छलफल भइरहेको । |
| १० | संघ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई विपद् व्यवस्थापन सम्बन्धी आधारभूत तालिम। | लक्ष्य बमोजिम कार्यसम्पन्न। |
| ११ | ललितकला प्रतिष्ठानका कलाकारसँग विपद् व्यवस्थापन सम्बन्धमा आवासीय कार्यशाला गरी चित्रकला उत्पादन र प्रकाशन। | २० वटा चित्रकला/कार्टुन सिर्जना र सोको ५०० प्रति "विपद्को चेतनाकलाको अभिव्यक्ति" प्रकाशन गर्ने कार्य सम्पन्न भएको । |

## विपद् प्रतिकार्य शाखा

| क्र.स. | क्रियाकलाप | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ तर्जुमा | स्वीकृत भई कार्यान्वयन भइरहेको |

| | | |
|---|---|---|
| २ | हिमपात पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ तर्जुमा | स्वीकृत भई कार्यान्वयन भइरहेको |
| ३ | वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ तर्जुमा | स्वीकृत भई कार्यान्वयन भइरहेको |
| ४ | मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ तर्जुमा | स्वीकृत भई कार्यान्वयन भइरहेको |
| ५ | वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय कार्ययोजना, २०८२-८७ मस्यौदा तयार | अन्तिम मस्यौदा तयार |
| ६ | वन डढेलो जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०८२ एवं कार्ययोजना, २०८२/८३-२०९१/९२ को मस्यौदा तयार | अन्तिम मस्यौदा तयार |
| ७ | मिति २०८२ वैशाख ६ गतेदेखि ८ गते (सन् २०२६ अप्रिल १९-२१) गतेसम्म Early Warnings for All (EW४All) National End to End Early Warning System Simulation Exercise (SIMEX) सञ्चालन | सम्पन्न |
| ८ | १३ कार्यदिनको Medical First Responder (MFR) तालिम संचालन | सम्पन्न |
| ९ | ६ कार्यदिने Swift Water Rescue (SWR) Training संचालन | सम्पन्न |
| १० | ४ कार्यदिने Community Action for Disaster Response (CADRE) तालिम संचालन | सम्पन्न |
| ११ | ८ कार्यदिने Collapsed Structure Search & Rescue (CSSR) तालिम संचालन | सम्पन्न |
| १२ | प्रभावकारी विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्य गर्न Situation Room स्थापना | स्थापना भई निरन्तर कार्यसम्पादन भइरहेको |
| १३ | ४ कार्यदिने Hospital Preparedness for Emergencoes (HOPE) तालिम सञ्चालन | सम्पन्न |
| १४ | विपद् पोर्टल र मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजनाबारे सबै प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रमा कार्यरत कर्मचारी र विपद् सम्पर्क व्यक्ति, जिल्ला सुरक्षा समिति, जिल्ला प्रशासन कार्यालयका विपद् सम्पर्क व्यक्ति एवं जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रमा कार्यरत कर्मचारी र सबै स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि अधिकृत र विपद् सम्पर्क व्यक्तिहरुलाई भर्चुअल माध्यमबाट सहभागी गराई चरणवद्ध रुपमा अभिमुखीकरण | सम्पन्न |
| १५ | अत्यधिक गर्मी (Extreme Heat) वा तातो हावाको लहर (Heat Wave) र खडेरीका लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य कार्ययोजना, २०८३ तर्जुमा | स्वीकृत |
| १६ | प्राधिकरण, स्थानीय तह, विभिन्न संघसंस्थासँगको सहकार्यमा १३ वटा स्थानीय तहमा विपद् स्वयंसेवक परिचालन तालिम (VMT) संचालन गरी ३१७ जना विपद् स्वयंसेवक (सशस्त्र प्रहरी बल, नेपाल बाहेक) तयार | सम्पन्न |

| | | |
|---|---|---|
| १७ | खोज तथा उद्धार टोली गठन तथा परिचालन सम्बन्धी मापदण्ड, २०८३ तर्जुमा | स्वीकृत भई कार्यान्वयन भइरहेको |
| १८ | पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा, २०८३ तर्जुमा | स्वीकृत भई कार्यान्वयन भइरहेको |
| १९ | सबैका लागि पूर्वसूचना राष्ट्रिय मार्गचित्र, २०२६-२०३० तर्जुमा | अन्तिम मस्यौदा तयार |
| २० | MFR/CSSR Instructor Development Training मोड्युल तर्जुमा | तर्जुमा भइरहेको |
| २१ | Training for Instructor (TFI) Development Training मोड्युल तर्जुमा | तर्जुमा भइरहेको |
| २२ | Incident Command System Training मोड्युल तर्जुमा | तर्जुमा भइरहेको |
| २३ | विपद् खोज तथा उद्धार कार्यमा सहकार्य गर्ने गरी AOAN, Nepal Drone Association र NARA सँग समझदारी | समझदारी भई कार्यान्वयन भइरहेको |
| २४ | NTC & NCell सँगको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्यमा खटिने प्रदेश, जिल्ला र स्थानीय तहका Responders लाई Alert Message पठाउने सूचना प्रणालीको प्रयोग | कार्यान्वयन भइरहेको। |
| २५ | Road Blockage Monitoring & Response गर्न बनाइएको SETU App प्रयोगमा | कार्यान्वयन भइरहेको। |
| २६ | विनाशकारी भूकम्पको परिदृश्यमा आधारित Virtual Table top simulation exercise सम्पन्न | सम्पन्न |

## सूचना तथा सञ्चार शाखा

| सि.नं. | क्रियाकलाप | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | पब्लिक अफेयर्स, रिसर्च तथा कम्यूनिकेशन (PARC) सँगको सहकार्यमा आगलागी, बाढी, पहिरो, डुबान, हावाहुरी, भूकम्पलगायत ८ वटा विपद् सम्बन्धी ११ वटा स्थानीय भाषा समेत गरी ४० वटा सचेतनामूलक श्रव्यदृश्य सामाग्री उत्पादन गरी प्रकाशन/प्रशारण | सम्पन्न |
| २ | नेपालमा विपद् बीमाको संभाव्यता अध्ययन गर्न प्राधिकरणका सहसचिवको संयोजकत्वमा अर्थ, संघीय मामिला, राष्ट्रिय योजना आयोग, शहरी विकास मन्त्रालय र वीमा प्राधिकरण सदस्य रहने गरी समिति गठन भई उक्त समितिबाट मिति २०८३/१/२१ मा प्रतिवेदन तत्कालिन कार्यकारी प्रमुख दिनेश प्रसाद भट्ट समक्ष पेश | सम्पन्न |
| ३ | २०८२ सालको मनसुनका समयमा विपद्का सूचना, सन्देश तथा आउटरिचलाई प्रभावकारी बनाउन सार्वजनिक प्रसारण संस्था (नेपाल टेलिभिजन र रेडियो नेपाल) पत्रकार महासंघ, सामुदायिक रेडियो नेटवर्क (CIN), राष्ट्रिय नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, तीनवटै सुरक्षा निकाय, यातायात राष्ट्रिय महासंघ तथा यातायात मजदुर संगठनका नेताहरुसहितको सहभागितामा अन्तरक्रिया तथा छलफल | सम्पन्न |

| | | |
|---|---|---|
| ५ | प्राधिकरणबाट भएका गतिविधिका साथै विपद्का क्षेत्रमा भए गरेका कामहरु समेटिएको र मासिक रुपमा प्रकाशित हुँदै आएको 'राष्ट्रिय विपद् बुलेटिन ५ (पाँच) अंक प्रकाशित | सम्पन्न |
| ६. | विपद् सम्बन्धी विभिन्न पक्षहरुका बारेमा धारणासहितको विज्ञहरुका लेखहरु समेटिएको विपद् उत्थानशील पत्रिका प्रकाशन | सम्पन्न |
| ७. | भारी वर्षा, अत्यधिक गर्मी तथा तातो हावाको लहर सम्बन्धी अलर्ट, पूवतयारी तथा एड्भाइजरी लगायतका गरी ४ वटा प्रेस नोट प्रकाशित | सम्पन्न |
| ८ | नेपाल टेलिभिजनसँगको सहकार्यमा विपद् सुरक्षित नेपालको ४६ वटा अंक प्रकाशन/प्रशारण | सम्पन्न |
| ९ | मनसुन २०८२ को ६० दिने, ९० दिने र समग्र मनुसन २०८२ को अवस्था प्रतिवेदन तयार पारी प्राधिकरणको वेबसाइट, सामाजिक सञ्जालमा | सम्पन्न |
| १० | विभिन्न विपद् सम्बन्धी विज्ञहरुसँगको कुराकानीमा आधारित पोडकास्ट विपद्का कुराको ८ वटा अंक प्रशारित भएको युट्यूव च्यानल एवं सामाजिक संजालको प्लेटफर्ममार्फत् प्रसारण | सम्पन्न |
| ११ | नेपाल रेडक्रससँगको सहकार्यमा डोटेली, थारु र नेपाली सहित गरी ३ वटा भाषामा पूर्वानुमानमा आधारित पूर्वकार्य (Anticipatory Action), वन डढेलो र सर्पदंश सम्बन्धी ९ वटा सचेतनामूलक भिडियो तयार गरी प्रकाशन/प्रशारण | सम्पन्न |
| १२ | विपद्बारेको जानकारी र यसबाट जोगिने उपाय र पूर्वतयारी समेत समेटि "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन हाते पुस्तिका" तयार गरी प्रकाशन | सम्पन्न |
| १३ | UNICEF सँगको सहकार्यमा बालबालिका र विपद् सचेतना सम्बन्धी एकवटा भिडियो र ४ वटा पोष्टर तयार गरी प्रकाशन/प्रशारण | सम्पन्न |
| १४ | आपतकालीन कार्यसंचालन केन्द्रहरुको क्षमता विकास सम्वन्धी तिन प्रदेशका तीन जिल्लामा कार्यक्रम संचालन | सम्पन्न |
